बैठक नं. : १/०७७/०७८
स्थान : नगर प्रमुख कक्ष
मिति :२०७७/०४/ ०७ गते
समय : दिनको २ :०० वजे

उल्लेखित् स्थान, मिति र समयमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री शिव प्रसाद चौधरी ज्यूको अध्यक्षतामा बसेको राजापुर नगर कार्यापालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छन् :

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री शिव प्रसाद चौधरी | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री मनकला कुमारी चौधरी | नगर उपप्रमुख | सदस्य | |
| ३ | श्री खुशीराम थारु | वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री धरनीधर थारु | वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री विष्णु प्रसाद खनाल | वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री रमन कुमार रेग्मी | वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री राम बहादुर चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री महेश कुमार चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री मथुरा प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १० | श्री चिन्तामणी आचार्य | वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री विष्णु प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री दयाशंकर थारु | वडा अध्यक्ष | सदस्य | |
| १३ | श्री सीता कुमारी थरुनी | वडा सदस्य | सदस्य | |
| १४ | श्री लक्ष्मी चौधरी | वडा सदस्य | सदस्य | |
| १५ | श्री निर्मला रसाईली | वडा सदस्य | सदस्य | |
| १६ | श्री विमला थारु | वडा सदस्य | सदस्य | |
| १७ | श्री शोभा थापा | वडा सदस्य | सदस्य | |
| १८ | श्री वर्षा परियार | मनोनित सदस्य | सदस्य | |
| १९ | श्री मोहन सिंह भूल | मनोनित सदस्य | सदस्य | |
| २० | श्री विर बहादुर दमाई | मनोनित सदस्य | सदस्य | |
| २१ | श्री बसन्तराज अधिकारी | प्रमुख प्रशासकिय अधिकृत | सचिव | |

**राजापुर नगरकार्यपालिकाको आ.ब. २०७७/०७८ को बैठक नं.१ मा प्रस्तुत भएका प्रस्ताव र भएको निर्णय :**

**बैठक** मिति : २०७७/०४/०७
समय : दिनको २:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री शिव प्रसाद् चौधरी

**प्रस्ताव** नं. : ४

**प्रस्तावको विषय :** विविध

क) प्रदेश समपुरक अनुदान सम्बन्धमा ।

ख) विद्यालय व्यवस्थापन समिति सम्बन्धमा ।

ग) वडा स्वास्थ्य क्लिनिक संचालन सम्बन्धमा ।

**निर्णयका कानुनी आधारहरु :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १७

**निर्णय हुनुपर्ने विषय :** विविध विषयमा आवश्यक निर्णय गर्नुपर्ने ।

**भएको निर्णय :**

क) प्रदेश समपुरक योजनाको सम्बन्धमा गत आ.ब. २०७६/०७७ कै योजनाहरुलाई निरन्तरता दिने निर्णय गरियो।

ख) विद्यालय व्यवस्थापन समिति गठनका सम्बन्धमा छलफल गर्दा हाल कायम रहेको बन्दाबन्दीको समयमा धेरै जसो विद्यालयमा विद्यालय व्यवस्थापन समितिको समयावधि समाप्त भएकाले सो सम्बन्धमा बन्दाबन्दी पछि सहज अवस्थामा आवश्यक प्रक्रिया पुरा गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने गरी हालको अवस्थामा साविक विद्यालय व्यवस्थापन समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

ग) वडा स्वास्थ्य क्लिनिक संचालन गर्ने सम्बन्धमा छलफल गर्दा वडा नं. ५ को वडा स्वास्थ्य क्लिनिक संचालनका लागि उक्त वडा बाटै कर्मचारी व्यवस्थापन हुने गरी सोही वडाको त्रिवणी बजार क्षेत्रमा वडा स्वास्थ्य क्लिनिक संचालनका लागि एक जना अ.हे.व. चौथो तह र एक जना श्रेणी विहीन कर्मचारी पदपूर्ति गर्न यथासिघ्र आवश्यक प्रक्रिया पुरा गरी संचालन गर्ने निर्णय गरियो ।

(**स्थानीय** सरकार संचालन ऐन २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णयको,

**प्रमाणीकरण गर्ने**

**नाम थर** : बसुन्त राज अधिकारी

**कार्यपालिका** सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत (उप सचिव)

**मिति** : २०७७/०४/०७

राजापुर नगरकार्यपालिको आ.ब. २०७७/०७८ को बैठक नं १ मा प्रस्तुत भएका प्रस्ताव र भएको निर्णय :

**बैठक मिति : २०७७/०४/०७** समय : दिनको २:०० बजे

**प्रस्ताव नं. : १** बैठकको अध्यक्षता : नगर प्रमुख श्री शिव प्रसाद चौधरी

| |
|---|
| **प्रस्तावको विषय :** राजापुर नगरकार्यपालिकाको बैठकका निर्णय कार्यान्वयनको सम्बन्धमा। |
| **निर्णयका कानुनी आधारहरु:** स्थानीय सरकार संचालन ऐन २०७४को दफा १७ |
| **निर्णय हुनुपर्ने विषय** : राजापुर नगरकार्यपालिकाको बैठकका निर्णय कार्यान्वयनको समिक्षा। |
| **भएको निर्णय :** राजापुर नगरपकार्यपालिकाको बैठकका निर्णय कार्यान्वयनको समिक्षा गरियो। कार्यान्वयन हुन नसकेका र हुने क्रममा रहेका निर्णयहरु क्रमश कार्यान्वयन गर्दै जाने निर्णय गरियो। |
| (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४,उपदफा २ (ज) बमोजिम निर्णयको **प्रमाणीकरण गर्ने**<br>नाम थर : बसन्तराज अधिकारी<br>कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत(उप सचिव)<br>मिति:२०७७/०४/०७ |

**राजापुर नगरकार्यपालिको आ.ब. २०७६/०७७ को बैठक नं १ मा प्रस्तुत भएका प्रस्ताव र भएको निर्णय :**

**बैठक** मिति : २०७७/०४/०७ समय : दिनको २:०० बजे

प्रस्ताव नं. : २ बैठकको अध्यक्षता : नगर प्रमुख श्री शिव प्रसाद चौधरी

**प्रस्तावको विषय :** स्थानीय तहका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धमा ।

**निर्णयका कानुनी आधारहरु:** स्थानीय सरकार संचालन ऐन २०७४को दफा १७

**निर्णय हुनुपर्ने विषय** : लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको लागि अर्को व्यवस्था नभएसम्मका लागि फारामलाई स्वीकृत गर्ने ।

**भएको निर्णय :** लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहका स्थायी नियुक्ति भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको लागि अर्को व्यवस्था नभएसम्मका लागि तपशिल बमोजिमको बार्षिक कार्य सम्पादन मुल्यांकन फारामलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४,उपदफा २ (ज) बमोजिम निर्णयको
**प्रमाणीकरण गर्ने**

नाम थर : बसन्तराज अधिकारी
कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत(उप सचिव)
मिति:२०७७/०४/०७

**राजापुर नगरकार्यपालिको आ.ब. २०७६/०७७ को बैठक नं १ मा प्रस्तुत भएका प्रस्ताव र भएको निर्णय :**

**बैठक** मिति : २०७७/०४/०७ समय : दिनको २:०० बजे

प्रस्ताव नं. : ३ बैठकको अध्यक्षता : नगर प्रमुख श्री शिव प्रसाद चौधरी

**प्रस्तावको विषय :** जलवायु अनुकुलन तथा न्यूनिकरण कार्यक्रम संचालनका लागि स्थानीय अनुकुलन कार्ययोजना (LAPA) तयार गर्ने सम्बन्धमा ।

**निर्णयका कानुनी आधारहरु:** स्थानीय सरकार संचालन ऐन २०७४को दफा १७

**निर्णय हुनुपर्ने विषय** : जलवायु अनुकुलन तथा न्यूनिकरण कार्यक्रम संचालनका लागि स्थानीय अनुकुलन कार्ययोजना (LAPA) तयार गर्ने ।

**भएको निर्णय :** जलवायु. अनुकुलन तथा न्यूनिकरण कार्यक्रम संचालनका लागि स्थानीय अनुकुलन कार्ययोजना ( LAPA) तयार गर्ने निर्णय गरियो ।

(स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४,उपदफा २ (ज) बमोजिम निर्णयको **प्रमाणीकरण गर्ने**

नाम थर : बसन्तराज अधिकारी
कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत(उप सचिव)
मिति:२०७७/०४/०७